आ व २०८१।०८२
बैठकः गाउँ कार्यपालिका बैठक
अध्यक्षताः गाउँपालिका अध्यक्ष सेनाङ गुरुङ

बैठक नं ०९।०८१।०८२
मितिः २०८१।११।२३
स्थानः छा. ता. गा. पा. सभाहल
समयः विहान ७:१५ बजे

छार्का ताङसोङ गाउँ कार्यपालिकाको बैठक छार्का ताङसोङ गाउँपालिकाका अध्यक्ष श्री सेनाङ गुरुङ ज्यु को अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

उपस्थितिः

| दस्तखत | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | सेनाङ गरुङ | गा. पा. अध्यक्ष | छा. ता. गा. पा. ४ | अध्यक्ष |
| | कर्मा ढुण्डुप गुरुङ | गा. पा. उपाध्यक्ष | छा. ता. गा. पा. १ | सदस्य |
| | धावा लामा गुरुङ | वडा अध्यक्ष (प्रवक्ता) | छा. ता. गा. पा. १ | सदस्य |
| | टसि छोम्वेल गरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. २ | सदस्य |
| | वाङजु गुरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. ३ | सदस्य |
| | खाम्सुङ रोकाया | वडा अध्यक्ष | छा. ता. गा. पा. ४ | सदस्य |
| | सोनाम साङवो गुरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. ५ | सदस्य |
| | कार्मा तेन्जिन गुरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. ६ | सदस्य |
| | नेजिङ खाँडु गुरुङ | महिला वडा सदस्य | छा. ता. गा. पा. १ | सदस्य |
| | छोइटोल गुरुङ | महिला वडा सदस्य | छा. ता. गा. पा. ३ | सदस्य |
| | कान्छि बुढा | महिला वडा सदस्य | छा. ता. गा. पा. ४ | सदस्य |
| | धावा साङमु गुरुङ | महिला वडा सदस्य | छा. ता. गा. पा. ५ | सदस्य |
| | युरुङ धर्ति | अल्पसंख्यक सदस्य | छा. ता. गा. पा. ४ | सदस्य |
| | ठोक्याल गुरुङ भोटे | अल्पसंख्यक सदस्य | छा. ता. गा. पा. ३ | सदस्य |
| | अमरराज सेजुवाल | प्रमुख प्रशासकीय अधिकृत | | सचिव |

**निर्णय नं. (१)** आर्थिक मामिला तथा योजना मन्त्रालय, सुर्खेतबाट प्रदेश विशेष र समपुरक अनुदान तर्फका आयोजनाहरु/कार्यक्रमहरुको लागि प्रस्ताव पेश गर्ने मिति २०८१ फाल्गुण ७ गते प्रकाशित सूचना अनुसार यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को लागि देहाय बमोजिमका प्रदेश विशेष र समपूरक अनुदान तर्फका आयोजनाहरु प्राथमिकीकरण निर्धारण गरि प्रस्ताव पेश गर्ने।

**देहायः**

**क) प्रदेश विशेष अनुदान तर्फका आयोजना**

| क्र.सं. | आयोजनाको नाम | लागत अनुमान | प्राथमिकीकरण |
|---|---|---|---|
| १. | मुकोट खानेपानी निर्माण आयोजना, छार्का ताङसोङ -६, डोल्पा। | ९० लाख | १ |
| २. | पुथा हिमाल आ.वि. फर्निचर सहित घेरावार निर्माण, छार्का ताङसोङ-५, डोल्पा। | ६० लाख | २ |

**ख) प्रदेश समपूरक अनुदान तर्फका आयोजना**

| क्र.सं. | आयोजनाको नाम | लागत अनुमान | प्राथमिकीकरण |
|---|---|---|---|
| १. | सप्तकोशी आ.वि. भवन निर्माण आयोजना, छार्का ताङसोङ-३, डोल्पा। | १ करोड ९९ लाख ९० हजार | १ |
| २. | चाङचुङ खोला सिंचाई निर्माण आयोजना, छार्का ताङसोङ-१, डोल्पा | १ करोड ९९ लाख | २ |
| ३. | चाङचुङ खोला तटबन्धन निर्माण आयोजना, छार्का ताङसोङ-१, डोल्पा | ४ करोड क्रमागत २ वर्ष | ३ |

**निर्णय नं. (२)** आर्थिक वर्ष २०८२/०८३ को लागि प्रदेश कार्यालयहरुबाट आयोजनाहरु माग गर्नेको लागि प्रस्ताव पेश गर्ने सूचना अनुसार देहाय बमोजिमका आयोजनाहरु प्राथमिकीकरण निर्धारण गरि सम्बन्धित कार्यालयमा प्रस्ताव पेश गर्ने।

**देहायः**

| प्राथमिकीकरण | आयोजनाको नाम | लागत अनुमान | प्रस्ताव पेश गर्ने कार्यालय |
|---|---|---|---|
| १. | छार्का ताङसोङ करिडोर स्तरोन्नति आयोजना, छार्का ताङसोङ -१ देखि ६, डोल्पा। | ६ करोड | पूर्वाधार विकास कार्यालय, डोल्पा |
| २. | पिम्री देखि घेराङसम्म सडक निर्माण आयोजना, छार्का ताङसोङ -५, डोल्पा। | २ करोड | पूर्वाधार विकास कार्यालय, डोल्पा |
| ३. | तेराङ देखि स्याङ सम्म सडक निर्माण आयोजना, छार्का ताङसोङ -५, डोल्पा। | २ करोड | पूर्वाधार विकास कार्यालय, डोल्पा |
| १. | सप्तकोशी आ.वि. २ कोठे भवन निर्माण, छार्का | १ करोड | सामाजिक विकास |

निर्णय प्रमाणित
२०८१/११/२३

अमरराज देउवाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | ताङसोङ-३, डोल्पा। | | कार्यालय,डोल्पा |
| २. | सुनगाभा आ.वि. २ कोठे भवन निर्माण, छार्का ताङसोङ-५, डोल्पा। | १ करोड | सामाजिक विकास कार्यालय,डोल्पा |
| १. | कागकोट बृहत् सिंचाई निर्माण आयोजना, छार्का ताङसोङ-४, डोल्पा। | २ करोड | खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय, डोल्पा |
| २. | छार्का भोट बृहत् सिंचाई निर्माण आयोजना, छार्का ताङसोङ-१, डोल्पा। | ३ करोड ५० लाख | खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय, डोल्पा |
| १. | रैथाने बाली प्रबर्द्धन कार्यक्रम, छार्का ताङसोङ वडा नं १ देखि ६ सम्म। | २० लाख | कृषि विकास कार्यालय, डोल्पा |
| २. | एक घर एक प्लाष्टिक टनेल कार्यक्रम, छार्का ताङसोङ ६ वटै वडा | ३० लाख | कृषि विकास कार्यालय, डोल्पा |
| ३. | साना कृषि सिंचाई कार्यक्रम, छार्का ताङसोङ वडा नं.- ५ तेराङ र घेराङ। | ३० लाख | कृषि विकास कार्यालय, डोल्पा |
| १. | भेडा च्याङ्ग्रा खोर निर्माण आयोजना, छार्का ताङसोङ वडा नं १ २ र ३ | ३० लाख | पशु अस्पताल तथा पशु सेवा कार्यालय, डोल्पा |
| २. | चरन खर्क सुधार कार्यक्रम, छार्का ताङसोङ वडा नं. १ | २० लाख | पशु अस्पताल तथा पशु सेवा कार्यालय, डोल्पा |
| ३. | चौंरी प्रबर्द्धन कार्यक्रम, वडा नं १ देखि ६ छार्का ताङसोङ | ६० लाख | पशु अस्पताल तथा पशु सेवा कार्यालय, डोल्पा |
| १. | मुकोट र छार्का स्वास्थ्य चौकी मर्मत | १० लाख | स्वास्थ्य सेवा कार्यालय, डोल्पा |
| २. | Waiting Home निर्माण, छार्का ताङसोङ -४, कागकोट | १८ लाख | स्वास्थ्य सेवा कार्यालय, डोल्पा |
| ३. | औंजार, उपकरण, मेसिनरी औंजार र फर्निचर खरिद र निर्माण | १२ लाख | स्वास्थ्य सेवा कार्यालय, डोल्पा |
| १. | कागकोट वृक्षारोपण तथा छुरतुम खानेपानी मुहान संरक्षण आयोजना, छार्का ताङसोङ -४, डोल्पा | ६० लाख | भू तथा जलाधार व्यवस्थापन कार्यालय, जुम्ला |
| २. | लाप्चे खेतबारी संरक्षण तथा वायो ईन्जिनियरिङ्ग निर्माण आयोजना, छार्का ताङसोङ -४, डोल्पा | ६० लाख | भू तथा जलाधार व्यवस्थापन कार्यालय, जुम्ला |
| १. | सुईटर, मोजा, पञ्जा र टोपी बुनाई | ५ लाख | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, डोल्पा |
| २. | डाले चुक प्रशोधन, ब्राण्डिङ र बजारीकरण | ५ लाख | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, डोल्पा |

२०८१/११/२३

अमरराज देउवाल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय प्रमाणित
२०८१।११।२३

| | | | |
|---|---|---|---|
| ३. | भेडा च्याङ्ग्राको ऊन संकलन, प्रशोधन र बजारीकरण तथा संकलन केन्द्र भवन निर्माण | ३५ लाख | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, डोल्पा |
| ४. | आधुनिक छुर्पी र चीज बनाउने मेसिन खरिद र प्याकिङ | २० लाख | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, डोल्पा |
| ५. | बक्खु, पटुका र किटिक बनाउनको लागि ऊन खरिद र ढुवानी | १५ लाख | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, डोल्पा |

**निर्णय नं. (३)** प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतको च. नं. ५०४ र मिति २०८१।११।१८ को सिफारिस पत्रानुसार विज्ञापन नं. ३०१।२०७९-०८० प्रशासन सेवा, लेखा समूह, लेखा अधिकृत (सातौं) श्री ईन्द्रलाल कँडेल, चामुण्डाबिन्द्रासैनी-२, दैलेख लाई मिति २०८१ फाल्गुण २० देखि जेष्ठता कायम गरि लेखा अधिकृत (सातौं) पदमा स्थायी नियुक्ति गर्ने ।

**निर्णय नं. (४)** श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,सिंहदरबार,काठमाडौंको मिति २०८१।११।२३ र च.नं. १४८ को पत्रानुसार सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सञ्चालन र व्यवस्थापनको लागि देहाय बमोजिमको क्रियाकलाप र रकम लागत साझेदारी सहित प्रतिबद्धता गर्ने ।

**देहाय**

१ स्थानीय तहबाट लागत साझेदारी क्रियाकलाप र रकम

| क्र.स. | क्रियाकलाप | एकाई | संख्या | दर | रकम(रु) |
|---|---|---|---|---|---|
| १ | एक जना मनोसामाजिक परामर्शकर्ता(पाँचौं तह) को ५०% तलब तथा सुविधा, बीमा शुल्क | महिना | १३ | १९८५०। | २५८०५०। |
| २ | दुई जना रिटर्नी स्वयंसेवक | महिना | १३ | १५०००। | ३९००००। |
| | **जम्मा रकम रु** | | | | ६४८०५०। |

**निर्णय नं. (५)** यस गाउँपालिकाको मिति २०८१।०५।२३ को निर्णय नं. १ र २ तथा मिति २०८१।०६।११ को निर्णय नं. ६ र ७ बमोजिम सम्मानित सर्वोच्च अदालतमा यस कार्यालयको तर्फबाट प्रतिनिधी तथा कानून व्यवसायी भई कार्य गर्ने प्रतिनिधी संरचना शर्मा र कानून व्यवसायी अधिवक्ता कृष्ण प्रसाद सुबेदी को सम्झौता अनुसारको पारिश्रमिक ग्यास चुलो वितरण कार्यक्रममा बचत भएको रकमबाट रकमान्तर गरी भुक्तानी गर्ने ।

**निर्णय नं. (६)** प्रेस चौतारी नेपाल, डोल्पा शाखाको च.नं. १३ र मिति २०८१।१०।३० को आर्थिक सहयोग गरिदिने पत्र प्राप्त भएकोले प्रदेश अधिवेशन र केन्द्रीय अधिवेशनको लागि रु. २० बीस हजार मात्र आर्थिक सहयोग गर्ने ।

२०८१।११।२३

**निर्णय नं. (७)** कार्य सम्पादन सन्तोषजनक नभएका करार कर्मचारीको करार सम्झौता रद्द गर्ने र संघ/अन्य निकायमा समायोजन/पदस्थापन भएका कर्मचारीहरुलाई समायोजन र पदस्थापन भएको निकायमा रमाना गर्ने ।

**निर्णय नं. (८)** छार्का स्वास्थ्य चौंकी, ढाँडगाउँमा दरबन्दी बमोजिमको स्वास्थ्यकर्मीहरु प्रदेश लोक सेवा आयोगबाट पदपूर्ति हुन नसकि सेवा प्रवाहमा असर परेकोले रिक्त दरबन्दी भित्र अ.हे.व. एक (१) जना करार सेवाबाट पदपूर्ति गर्ने ।

**निर्णय नं. (९)** छार्का ताङसोङ गाउँपालिका केन्द्र कागकोट जोड्ने सडकको लागि कागकोट देखि लासिक्याप सडक निर्माणको लागि DPR तयार गरि आयोजना माग गर्न सङ्घीय कार्यालय र प्रादेशिक कार्यालयमा पेश गर्ने ।

**निर्णय नं. (१०)** छार्का ताङसोङ गाउँपालिका केन्द्र, कागकोट जोड्ने सडकको काम तीव्र रुपमा गाउँपालिकाको एक्स्काभेटर र ब्याकहु लोडरले गरि रहेकोले हेभी सवारी चालक १(एक) जना र डोजर हेल्पर १(एक) जनाको आवश्यक भएकोले करार सेवामा नियुक्ति गर्ने ।

**निर्णय नं. (११)** पर्यटकीय सम्भावना भएको याक ताल सम्म पुग्ने पदमार्ग निर्माण नभएको कारणले सो ताल सम्म पुग्नको लागि लेचुङ देखि धोवाङसम्म गोरेटो बाटो निर्माण गर्नको लागि शे-मेला आयोजनाको लागि विनियोजित रकम रु १५०००००। (पन्ध्र लाख मात्र) उक्त गोरेटो बाटो निर्माणको लागि रकमान्तर गर्ने ।

**निर्णय नं. (१२)** कोकरा खोला नियन्त्रण योजना निर्माणको लागि विनियोजित रकम रु ८ लाख ५० हजार मध्ये रु २ लाख रकम फोहोरा मैला व्यवस्थापन शीर्षकबाट रकमान्तर गर्ने ।